अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३ मितिः २०७८/०५/२५

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८

## १. परिचय

सामाजिक वञ्चितीकरणमा परेका समूहहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, उमेर (१६ वर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपाङ्गता भएका व्यक्तिहरु तथा भौगालिक रुपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई लिइएको छ। कानुनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवं समुदाय तथा घरपरिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरुमा वञ्चितीकरण स्पष्ट रुपमा विद्यमान रहेको देखिन्छ। त्यसै गरी लैङ्गिक सम्बन्धहरु गाउँपालिकाका सबै सामाजिक समूहहरुमा विभेदका भिन्न भिन्न परिमाणमा विद्यमान रहेका छन्। सबै महिलाहरुले विभेद भोगिरहेका छन्।
अजिरकोट गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसाँस्कृतिक गाउँपालिका हो। प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुनसके मात्रै गाउँपालिकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ। हाम्रो समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न अजिरकोट गाउँपालिकाले सरकारी, गैरसरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु हुदै आइरहेको छ।

नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउधन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उल्लेख छ। अतः अजिरकोट गाँउपालिकाकाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गर्दै वर्गीय, जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक गाउँपालिकाको निर्माण गर्ने सङ्कल्प गर्दै,

यस भूभागमा बसोवास गर्ने सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदीवासी जनजाती, उत्पिडित, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असक्त वा असहाय, आर्थिकरुपले विपन्न यस भूभागमा वसोवास गर्ने नागरिकहरुको संरक्षण, सशक्तिकरण वा विकास परिकल्पनाको साथ **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८** लाई मिति २०७८ भाद्र २५ गते कार्यपालिकाको बैठकले स्वीकृत गरी यो नीति बनाएको छ।

**२. दीर्घकालिन सोंच :** जातीय र लैङ्गिक समानतायुक्त, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने।

**३. लक्ष्य :** महिलाको आर्थिक, सामाजिक र राजनितिक रुपमा सशक्तिकरण सहित कानुनी तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक विच समानता स्थापित गर्ने।

**४. उद्देश्य :** (क) सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण गर्दै महिलाहरुको मूलभूत अधिकार सुनिश्चितीका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्ने।

(ख) लैङ्गिकतामा आधारित हिंसा, भेदभाव, शोषण र वहिस्करणको अन्त्य गरी समानता र लैङ्गिक मुल्य मान्यतामा आधारित समाज स्थापित गर्ने ।

(ग) राजनैतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको अर्थपूर्ण समानुपातिक सहभागिता र समान पहुँचका लागि लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

(घ) अजिरकोट गाउँपालिका अन्तरगतका शाखा तथा इकाईहरुलाई संस्थागत एवं कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

(ङ) महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरुको आवश्यकता र चाहना प्रति अझ बढि संवेदनशील, उत्तरदायी, जवाफदेही हुन सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

(च) सरोकारवालाहरुलाई वार्षिक, आवधिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जवाफदेही हुन अभिप्रेरित गर्ने ।

(छ) स्थानीय नागरिकहरु विशेष गरेर महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरुको क्षमता विकास गरी यी वर्गहरुको स्थानीय तहको विकास प्रकृयामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रकृयालाई संस्थागत गर्ने ।

**५. प्रमुख नीतिहरु :**

(क) लैङ्गिक हिंसा, भेदभाव र बहिस्करणको अन्त्यका लागि न्यायमा पहुँच र संरक्षणात्मक उपायहरु अवलम्वन गरिनेछ ।

(ख) लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि र जीवनस्तर सुधारका लागि बिशेष कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

(ग) लैङ्गिक हिंसा सम्वन्धी घटनालाई समुदायमा दवावमूलक मेलमिलाप गर्ने पद्धतिलाई अन्त्य गरी कानूनी प्रक्रियाभित्र ल्याउने परिपाटीको विकास गरिनेछ ।

(घ) महिला बिरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करण विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन गरी तिनको नियन्त्रण एवं रोकथामका लागि कानूनी उपचार प्रणालीलाई सहज छिटो र सबैको लागि पहुँच योग्य बनाईनेछ ।

(ङ) आर्थिक, सामाजिक, राजनीतिकरुपले विपन्न एवं एकल महिलाको लागि आय-आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यहरु कार्यान्वयनमा ल्याईनेछ ।

(च) गाउँपालिकाको वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट कम्तीमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले तोके बमोजिम गरिनेछ ।

(छ) मानव बेचबिखन, बलात्कार लगायत गम्भिर प्रकृतिका महिला बिरुद्धका हिंसा नियन्त्रणको लागि टोल टोलमा समिति गठन, सचेतना अभिबृद्धिका लागि घुम्ती सूचना शिविर लगायतका कार्य गरिनेछ ।

(ज) बालविवाह, बेचबिखन, यौनजन्य दुर्व्यवहार, श्रमशोषण, दाईजो प्रथा, बोक्सीको आरोपजस्ता कुरितिजन्य सामाजिक परम्पराहरुका बिरुद्ध चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

(झ) यौनशोषण तथा जबरजस्ती करणीबाट गर्भधारण गरिएका, बच्चा जन्माईएका वा जवरजस्ती गर्भपतन गराउन वाध्य पारिएका महिला/बालबालिकालाई बिशेष संरक्षण गरिनेछ । साथै त्यसरी जन्मिएका बालबालिकाहरुको संरक्षण गरी कुनै भेदभाव हुन दिइने छैन ।

(ञ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, महिला विरोधी कार्यहरु जस्तैः गाली ,बेइज्जती, अपमान घृणा, प्रतिशोधहरुमा गाउँपालिकाको शुन्य सहनशीलताको नीति हुनेछ ।

(ट) आर्थिक, सामाजिक, राजनीतिक विपन्नताको सूचकहरु तयार गरी पिछडिएका वा पछाडि पारिएका महिला तथा बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ठ) पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।

(ड) उपलव्ध स्रोत साधनहरुमा महिला, दलित, आदीवासी जनजाती, अल्पसंख्यक, लोपोन्मुख जाति, पिछडा वर्गहरुको पहूँच बढाउने नीति अवलम्वन गरिनेछ ।

(ढ) महिला दलित आदीवासी जनजाती अल्पसंख्यक लोपुन्मुख जाति, पिछडा वर्गको सशक्तिकरण गर्दै लगिनेछ ।

(ण) गाउँपालिकाको विकासमा सबैक्षेत्रका नागरिकहरुको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ ।

(त) महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक लोपुन्मुख जाति, पिछडा वर्ग विपन्न वर्गका नागरिकहरुलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट हरेक अवसरहरुमा उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिनेछ ।

(थ) गाउँपालिकामा उपलव्ध रोजगारी लगायतका अन्य अवसरहरुमा सबै नागरिकहरुको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

(द) विभिन्न जातजाती तथा समुदायको लोपोन्मुख भाषा एवं संस्कृतिहरुको संरक्षण र संवर्द्धन गरिने ब्यवस्था मिलाईनेछ ।

(ध) दलित, आदिवासी, जनजाति लगायतका समुदायहरुको परम्परागत पेशाहरुको संरक्षण, प्रवर्द्धन र आधुनिकीकरण गरी ब्यावसायीकरणमा जोड दिइनेछ ।

(न) हिंसा तथा दुर्व्यवहारमा परेका जेष्ठ जागरिक, एकल महिला तथा अन्य नागरिकहरुलाई संरक्षण, उपचार र मनोविमर्श तथा निःशुल्क सहायता उपलव्ध गराईनेछ ।

(प) संविधानको धारा २४ अन्तर्गत छुवाछुत तथा भेदभाव विरुद्धको हकको आवश्यक कार्यानवयनका सम्वन्धमा नीति, कार्यक्रम र बजेटको व्यवस्था गरी गाउँपालिका स्तरीय छुवाछुतविरुद्ध सचेतना अभियान सञ्चालनको व्यवस्था गरिनेछ ।

(फ) निःशुल्क उपचार, विमा, औषधी तथा अन्य सेवा सुविधाका बारेमा दलित लगायत अन्य सिमान्तकृत समुदायमा स्थापित घुम्ति सूचना शिविरमार्फत जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ब) कृषि, पर्यटन, उर्जा, घरेलु तथा मझौला उद्योगलाई बिशेष प्राथमिकता दिई त्यस्ता कार्यहरुका लागि दलित तथा सिमान्तकृत समुदायको सहभागितालाई बिशेष जोड दिइनेछ । उनीहरुको ब्यावसाय प्रवर्द्धनका लागि बजेट तथा कार्यक्रमको समेत व्यवस्था गरिनेछ ।

(भ) गाउँपालिकाभित्र सञ्चालनमा आउने ठुला आयोजनाहरु तथा कम्पनीहरुमा दलित लगायत अन्य सिमान्कृत समुदायलाई प्राथमिकताका आधारमा सेयर दिने व्यवस्था मिलाइनेछ ।

(म) छुवाछुतमुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्न दलित लक्षित बजेटको व्यवस्था गरी टोल, वडा र गाउँपालिकालाई छुवाछुतमुक्त घोषण गरिनेछ ।

(य) लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री गाउँपालिका निर्माणका लागि सबै जातजाति र लिङ्गको प्रतिनिधित्व हुनेगरी टोलटोलमा लैससास (लैंगिक समानता तथा सामाजिक समावेशीकरण) निगरानी समिति बनाई परिचालन गरिनेछ ।

(र) सामाजिक अन्तरघुलन र सद्भावलाई प्रवर्द्धन गर्नका लागि दलित र गैरदलित अन्तरजातिय विवाह गर्ने जोडीलाई गाउँपालिकाले विशेष सम्मान, सामाजिक सुरक्षा र रोजगारीको अवसरमा प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

(ल) पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।

(व) महिला, बालबालिका, दलित, आदवासी जनजाति, मधेशी, मुस्लिम, उत्पिडित, विपन्न वर्ग, अपाङ्गता तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ ।

(श) महिला, बालबालिका, आदीबासी/जनजाति र मानव अधिकार लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अर्न्तराष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

**६. रणनीति :**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकाङ्गी रुपमा हुन सक्तैन यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संथागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रिकरण, सहभागितामूलक विकास र सामाजिक वहसकै प्रकृयाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न सकिन्छ। यस रणनीतिमा गाउँपालिकाको कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्रभित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

अजिरकोट गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरु निम्न बमोजिम हुनेछः

१. स्थानीय शासन प्रकृयामा सबै सामाजिक समूहका नागरिकहरुको अधिकाधिक सहभागिता सुनिश्चत गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

२. स्थानीय तहमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरु (महिला, बञ्चितीकरणमा परेका वर्गहरुको समुह, पारालिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदिको परिचालन गरि लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने । बञ्चितीकरणमा परेका वर्गहरुको क्षमता अभिबृद्धि गरी स्थानीय सरकारमा समावेशी विकास प्रयासलाई संस्थागत गर्ने ।

३. लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवं उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।

४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।

५. गाउँपालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैङ्गिक तथा सामाजिक समावेशीमैत्री हुने गरी सुधार गर्ने ।

६. गाउँपालिकामा तर्जुमा गरिएका विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिकमैत्री वनाउने र सकारात्मक विभेदको निति तर्जुमा र कार्यान्वयनमा जोड दिने ।

७. स्थानीय सरकारका लागि उपयुक्त सहयोग प्रदान गर्न स्थानीय तहका निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।

**रणनिति १: स्थानीय शासन प्रकृयामा सबै सामाजिक समूहका नागरिकहरुको अधिकाधिक सहभागिता सुनिश्चत गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।**

**गाउँपालिका तह :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई बिषयगत क्षेत्र तोकी सामाजिक विकास क्षेत्र अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित, आदिवासी, जनजाति, मधेसी, मुश्लिम, थारु र अल्पसंख्यक आदि) प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।

साथै गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, बिषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नुपर्ने प्रावधान छ ।

**बिषयगत समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिकाको बिषयगत समितिमा कार्यपालिकाले कम्तिमा एक जना महिलालाई सदस्य तोक्नुपर्ने ब्यबस्था भएकोमा सोही अनुसार तोक्ने ब्यबस्था गरिनेछ । साथै हरेक बिषयगत समितिबाट लैङ्गिक तथा बहिष्करणमा परेका समुहहरुको आवश्यकताहरुलाई सम्बोधन हुने खालका योजनाहरुको तर्जुमा गरिनेछ ।

**स्थानीय राजश्व परामर्श समिति :** सोही ऐनमा स्थानीय राजश्व परामर्श समितिमा कार्यपालिकाले कम्तिमा एक जना महिलालाई सदस्य तोक्नुपर्ने ब्यबस्था भए बमोजिम उक्त समितिमा एक जना महिलाको अनिवार्य सदस्यता राखिनेछ ।

**श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिमा कार्यपालिकाका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुनेगरी अध्यक्षले चार जनालाई तोक्न सक्ने ब्यबस्था भएकोले सोही अनुसार तोकिनेछ । यस समिति अन्तर्गत लैङ्गिक तथा बहिष्करणमा परेका समुहहरुको आवश्यकता सम्बोधन हुने गरी बजेट सिलिङ तयार पारी कार्यान्वयन गरिनेछ ।

**अनुगमन तथा सुपरिवेक्षण समिति :** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ अनुसार अनुगमन तथा सुपरिवेक्षण समितिमा अध्यक्षले कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिलालाई सदस्य तोक्नु पर्ने ब्यबस्था भए बमोजिम उक्त समितिमा एक जना महिलाको अनिवार्य सदस्यता राखिनेछ । अनुगमन तथा सुपरीवेक्षण समितिले लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरुको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने । महिला बालबालिका तथा बञ्चितीकरणमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कतिको लाभान्वित भएका छन भनेर अनुगमन गरिनेछ ।

**वडा तह :**

- सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकिकरण तथा छनौट गर्ने ।
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक तथा आर्थिक उत्थान सम्बन्धि कार्य गर्ने ।

- कार्यक्रमहरुको तर्जुमा तथा प्राथमिकतामा गरिब र वञ्चितीकरणमा परेका व्यक्तिहरु लगायत सबै उमेरका महिला एवं पुरुषको सक्रिय सहभागिता गरी आवाजको सुनिश्चितता गराउने ।
- लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको दृष्टि राखी योजनाहरुको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने ।
- लैससास संवेदनशील मापदण्ड एवं प्रक्रियामा आधारित उपयुक्त प्राथमिकीकरणको विधिलाई उपयोगमा ल्याउने ।
- योजना प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितीकरणमा परेकाहरुको आवश्यकता र चाहना कतिको समावेश हुन सक्यो हेर्ने ।
- विभिन्न सरकारी तथा तथा गैरसरकारी संस्थाहरुका कार्यक्रम तथा आयोजनाहरुमा लैससास संवेदनशील बनाउन वकालत गर्ने ।

**रणनिति २: स्थानीय सरकारमा संलग्न महिला, बालबालिका तथा बञ्चितीकरणमा परेका मानिसहरुको क्षमता अभिबृद्धि गर्ने ।**

**(क) वञ्चितीकरणमा परेका व्यक्तिहरुका साथै सर्वसाधारण नागरिकहरु तथा महिलाहरुको ज्ञान अभिवद्धि गरिनेछ,**

सुविधाहरुको पहुँचमा असर गर्ने खास गरी विभेदकारी प्रचलनहरु जस्ता लैससासका सवालहरुमा सचेतना विकास गरिनेछ ।

सामुदायिक रेडियो, सामुदायिक संस्थाहरु, गैरसरकारी संस्थाहरु, बाल क्लबहरु, महिला समूहहरु र युवा क्लबहरु जस्ता विभिन्न माध्यमहरुबाट भिन्नभिन्न सामाजिक पहिचान भएका महिला तथा पुरुष समुदायहरुलाई गाउँपालिकामा उपलब्ध कोर्ष एवं स्रोतका साथै तिनको स्वीकृत कार्यक्रम र बजेटका सम्बन्धमा जानकारी गराई यसमा पहुँच बढाउने प्रकृयाहरुबारे स्पष्ट गराइनेछ । स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेकाहरुका लागि विद्यमान प्रावधानहरु र गाउँपालिकाको जिम्मेवारीका सम्बन्धमा समुदायलाई सुसूचित गराउन चेतनामूलक तथा अभिमुखीकरण कार्यक्रमहरु सघन एवं निरन्तर सञ्चालन गर्ने । प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरु, भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका मानिसहरुका लागि उपयक्त हुने आधारमा निर्धारण गर्ने । पहिला अवलम्बन गरिएका सामाजिक परिचालनका प्रयासहरुमा समावेश नभएका विपन्न एवं वञ्चितीकरणमा परेका मानिसहरुको पहिचान गरी उनीहरुको छुट्टै समूह खडा गर्न वा अन्य समूहहरुसँग संलग्न गराउन लगाउने ।

सामूहिक प्रतिनिधित्व नभएका र खास गरी वञ्चितीकरणमा परेका समुदायहरुसँग सघन रुपले कार्य गर्ने व्यवस्था मिलाइनेछ । यस कार्यबाट शासन प्रक्रियाका बारेमा र गाउँपालिकाले भौतिक पूर्वाधार, क्षेत्रगत सेवाहरु, सार्वजनिक वस्तुको पहुँचमा अवरुद्ध गर्ने विभेदकारी प्रचलन आदि र उनीहरुको आवश्यकता एवं आकांक्षाका वारेमा समभ्रुदारी बढ्ने छ ।

**(ख) कार्यक्रम तथा बजे्ट तर्जुमा र अनुगमनमा महिला तथा वञ्चितीकरणमा परेका समुहहरुको आवाजको सुनिश्चितताका लागि सक्रिय नागरिकका रुपमा उनीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।**

महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको क्षमता विकास कार्ययोजना तयार गरी लागू गरिनेछ । सामाजिक परिचालनको माध्यमबाट महिला, पुरुष र बञ्चितीकरणमा परेको वर्गहरु, बजेट तथा बार्यक्रम तर्जुमा समितिका सदस्यहरुको बजेट तर्जुमा, कार्यान्वयन, तथा अनुगमनको क्षेत्रमा क्षमता अभिबृद्धि  गरिनेछ ।

**(ग) सञ्जाल, महासंघ तथा प्रतिनिधित्वमूलक संगठनहरुको क्षमता अभिवृद्धि गरिनेछ ।**

- विभिन्न सञ्जालहरु, सहकारी संस्थाहरु, व्यवस्थापक भेलाहरु एवं महासंघहरु र समूहहरुको क्षमता विकासमा जोड दिईनेछ । यसबाट यी समूहहरुका प्रतिनिधिहरुले बस्तीस्तरको योजना तर्जुमा समितिमा, वडामा, गाउँपालिकामा प्राथमिकता सहितको प्रस्ताव प्रस्तुत गरी सहमतिमा ल्याउन सक्नेछन् ।
- गाउँपालिका तहका विभिन्न समितिमा र अन्य मञ्चहरुमा समुदाय भित्रबाटै आफ्ना प्रतिनिधिहरुको चयन गरी पठाउनका लागि सामुदायिक संस्थाहरुले प्रतिनिधि चयन प्रणाली विकास गर्ने व्यवस्था मिलाइनेछ ।
- यस्ता प्रकारका प्रतिनिधिमूलक संस्थाहरुले बस्ती, वडा, गाउँपालिकामा छलफल हुने कार्यक्रमहरु समुदाय वा वडा तहमा छनौट भएर आए नआएको सुनिश्चित गराउने परिपाटी बसालिनेछ ।
- विषयगत क्षेत्रका सेवामा समन्वय गर्नका लागि प्रतिनिधिमूलक संस्थाहरुसँग उनीहरुका खास समूहहरुको सामाजिक आर्थिक स्थिति सम्बन्धी तथ्यांक उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- आयोजनाहरु छनौट गर्नका लागि आधार मापदण्डहरु पहिचान गर्न उनीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

**(घ) सामाजिक तहमा विद्यमान लैङ्गिक तथा सामाजिक हिंसा कम गर्न विभिन्न सरकारी गैरसरकारी संस्थाहरुको सफल प्रयासलाई मध्य नजर राखी तिनलाई विस्तृत गरिनेछ ।**

यसमा विशेष गरेर लैङ्गिक हिंसा कम गर्न लैङ्गिक हिंसामा आधारित निगरानी समूह, महिला सशक्तिकरण गर्न सफल महिलाहरुको संघीकरण र विकास, महिला प्रजनन् स्वास्थ्यका समस्या समयमै पहिचान र न्यूनीकरण गर्न बनेका निगरानी समूहहरुलाई कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम गठन, विस्तार र गाउँपालिका ब्यापी बनाईनेछ । यी सामुदायिक संस्थाहरु परिचालन गर्न महिला तथा बालबालिका शाखाको नेतृत्वमा अन्य साझेदारहरु जस्तैः महिला बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र स्वास्थ्य चौकीहरु आदिसंग समन्वय गरी क्षमता अभिवृद्धि गरी तिनका प्रतिनिधित्व विभिन्न तहमा सुनिश्चित गरिनेछ । सार्वजनिक सुनुवाई गर्दा तिनले गरेका कार्यहरु र भएका लैङ्गिक तथा सामाजिक सम्वन्ध सुधार तथा विभिन्न लैससास सूचकहरुमा भएका प्रगति मापन गरिनेछ ।

**रणनिति ३ः लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका ब्यक्तिहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।**

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई बढावा दिन वडा तहमा योजनाको प्राथमिकीकरण गर्दा चालु आवधिक योजनाको लक्ष्य र उद्धेश्य अनुरुप नतिजा प्राप्तिमा योगदान पुऱ्याउने योजनाहरुमा १५ अंक दिने, दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान दिने योजनामा १५ अंक दिनुपर्ने व्यवस्था छ । यस अनुसार विपन्न वर्गका महिलालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरु, विपन्न वर्गका बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरु र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गहरुले प्रत्यक्ष फाइदा पाउने आयोजनाहरुको ( विपन्न वर्ग, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, अन्य पिछडावर्ग समेतका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले समानुपातिक विकासका लागि तपशिलका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

| | |
|---|---|
| योजना तर्जुमा तथा कार्यक्रम ब्यबस्थापन क्षमता | ▪ पुँजीगत बजेटबाट कम्तीमा ३० प्रतिशत महिला, बालबालिका तथा अन्य वञ्चित समूहका योजना/कार्यक्रमका लागि छुट्याउने तथा त्यसरी छुट्याइएको ३० प्रतिशतमध्ये १० प्रतिशत महिलासँग सम्बन्धित निश्चित कार्यक्रमका लागि, १० प्रतिशत विपन्न बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने योजनाहरुको लागि र बाँकी १० प्रतिशत वञ्चितीकरणमा परेका समूहहरूका लागि उपयोग हुने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।<br>▪ गाउँपालिकाले वडा तथा बिषयगत शाखालाई लैङ्गिक तथा समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न बजेट सीमा, रणनीतिसँगै गरिबी न्यूनीकरण सम्बन्धी नीति पठाउनु पर्दछ ।<br>▪ कार्यक्रम छनौटका आधार समावेशी (महिला तथा वञ्चित समूहका व्यक्तिहरूलाई प्रत्यक्ष फाइदा दिने) र गरिबमुखी हुनु पर्दछ ।<br>▪ विषयगत समितिहरूमा महिला, दलित, जनजाति तथा अन्य वञ्चित समूहको प्रतिनिधित्व हुनु पर्दछ ।<br>▪ गाउँपालिकाले लक्षित कार्यक्रम तर्जुमा गर्नुपर्दछ र वार्षिक योजनामा लैससास संवेदनशील उद्देश्यहरू, सूचकहरु, गतिविधिहरू तथा बजेट व्यवस्था भएको हुनु पर्दछ ।<br>▪ गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया बालमैत्रीपूर्ण हुनु पर्दछ ।<br>▪ गाउँपालिका अन्तर्गतका उप-समितिहरूमा महिला (सबै सामाजिक समूहहरू) दलित, जनजाति तथा अन्य वञ्चित समूहहरू एवं नागरिक समाजको प्रतिनिधित्व हुनुपर्दछ र उपसमितिहरूको कार्यविवरणमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूलाई अनुगमन गर्ने जिम्मेवारी प्रष्टसँग उल्लेख गरिएको हुनुपर्दछ ।<br>• वार्षिक प्रगति प्रतिवेदनले कार्यक्रम कार्यान्वयनमा देखिएका उपलब्धिहरू तथा कमजोरीहरूलाई उल्लेख गर्दा तथ्याङ्क एवम् सूचनाहरूलाई लैङ्गिक, जातीय, जनजातीय, स्थानगत एवं गरिबीको आधारमा खण्डीकृतरूपमा प्रस्तुत गर्ने परिपाटी क्रमशः बसालिनेछ ।<br>• गाउँसभामा योजनाको प्रस्ताव पेश गर्नु अगाडि योजनाको सम्भावित लागत, लक्षित समूह र कार्यान्वयन प्रक्रिया अध्ययन गरी सोको विवरण समेत पेश गर्नुपर्ने प्रावधान राखिनेछ ।<br>• दामासाहीका आधारमा वडा-वडालाई बजेट वितरण नगरी समुदायको आवश्यकता र प्राथमिकता अनुसार अनुदान विनियोजन गरिनेछ ।<br>• बस्ती हुँदै वडाबाट माग भई आएका योजना/कार्यक्रमको प्रस्तावलाई मात्र लेखाजोखा गरी गाउँसभाबाट पारित गर्ने परिपाटी बसालिनेछ । |

| | |
|---|---|
| बजेट व्यवस्थापन | ▪ वित्तिय समानीकरण अनुदानको न्यूनतम ३० प्रतिशत बजेट महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका मानिसहरूलाई लक्षित गरी खर्च गरिनेछ ।<br>▪ गाउँपालिकाका कार्यक्रमहरूको लैङ्गिक उत्तरदायी बजेट परीक्षण अनिवार्य गराइनेछ र वञ्चितीकरणमा परेका अन्य कम्तिमा तीन वटा समूहहरूको बजेट परीक्षण कार्य अगाडि बढाइनेछ ।<br>▪ सम्भव भएका ठाउँहरूमा लैङ्गिक र सामाजिक परीक्षण सँगै गर्ने व्यवस्था मिलाइनेछ ।<br>▪ आन्तरिक राजस्व न्यून भएको र वञ्चित समूहका लागि कार्यक्रमहरू प्रस्ताव नगरिएको अवस्थामा वैकल्पिक उपायहरू अवलम्बन गरिनेछन् । |
| सञ्चार तथा पारदर्शिता | ▪ महिला तथा वञ्चितीकरणमा परेकाहरूले वुझ्ने गरी यी समूहहरूको प्रतिनिधित्व गर्ने संस्था एवं सञ्जालहरूको माध्यमबाट कार्यक्रम तथा बजेटको सार्वजनिक जानकारी स्रोतको उपलब्धता अनुसार भिन्न-भिन्न भाषाहरूमा गराइनेछ । कार्यक्रम बजेट, कार्य प्रक्रिया, नियम उल्लेख गरिएको विवरण सरल भाषामा तयार गरी सबै नागरिकलाई उपलब्ध गराइनेछ ।<br>▪ गाउँपालिकाको सूचना तथा प्रविधि शाखामा रहेको सूचना तथा अभिलेखलाई विषयगत सूचनाको आधारमा खण्डीकृत रूपमा राखी विश्लेषण गरिने छ । |
| अनुगमन तथा मूल्याङ्कन | ▪ अनुगमन तथा सुपरिवेक्षण समितिमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको प्रतिनिधित्व निश्चित गराइनेछ ।<br>▪ समितिको कार्य विवरणलाई समावेशीकरण संवेदनशील बनाइनेछ ।<br>▪ मासिक तथा वार्षिक प्रगति विवरणमा महिला तथा वञ्चित समूहको खण्डीकृत तथ्याङ्क राखिनेछ ।<br>▪ प्रभाव मूल्याङ्कनमा महिला एवं वञ्चित समूहको सशक्तीकरणको खण्डीकृत तथ्याङ्क समावेश गरिनेछ ।<br>▪ उपलब्धिहरूको समीक्षा तथा सवाल एवम् चुनौतिहरूको पहिचान गर्दा लैङ्गिक, जातजाति, भौगोलिकता, धार्मिक दृष्टिकोणबाट पनि गरिनेछ । समीक्षाबाट आएका निचोडहरूका बारेमा गाउँपालिका स्तरीय सम्बन्धित संस्था एवं सञ्जालहरू तथा सरकारी निकायहरूलाई जानकारी गराइनेछ<br>▪ अनुगमन तथा मूल्यांङ्कन फाराममा लैससासका सूचकमा भएका प्रगतिसंग मापन गरिनेछ । |

| | |
|---|---|
| सङ्गठनात्मक ढाँचा, सेवा प्रवाह तथा उपयुक्त व्यवस्थापन | ▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रमुख जिम्मेवारी र पूरा गर्नुपर्ने कार्यहरू पहिचान गरी सो कुरालाई कर्मचारीहरूको कार्य विवरणमा समावेश गर्ने व्यवस्था मिलाइनेछ ।<br>▪ गाउँपालिकाको क्षमता विकास योजनामा लैससास सम्बन्धी विषयहरूलाई समावेश गरिनेछ । कार्यविवरणका आधारमा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न कर्मचारीले देखाएको तदारूकतालाई मापन गर्ने आधार समावेश गरिनेछ<br>▪ कार्यस्थलमा हुने यौनजन्य हिंसाका सवालहरूलाई सम्बोधन गर्न गुनासो समाधान पद्धति लागू गरिनेछ । |

**रणनिति ४: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।**

- गाउँपालिका, विषयगत शाखाहरु, विभिन्न समितिहरु तथा अन्य सरकारी र गैरसरकारी निकायहरुका सबै कर्मचारी एवं सदस्यहरुलाई लैससासको मूल अवधारणाबारे प्रशिक्षित गराइनेछ ।
- गाउँपालिकाका सबै विषयगत शाखाहरुलाई योजना, कार्यक्रम तथा बजेटको तर्जुमामा र अनुगमन तथा प्रतिवेदनमा लैससासको मूलप्रवाहिकरण गर्नका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा सचिव, योजना शाखा प्रमुख, लैङ्गिक सम्पर्क व्यक्ति, सेवा प्रवाहमा संलग्न कर्मचारीहरु, दलित समिति एवं आदिवासी जनजाति तथा लैङ्गिक मूलप्रवाहीकरण समितिहरुको गठन एवं सदस्यहरु र पदाधिकारीहरुको सीप विकास गरिनेछ ।
- गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरुलाई लैससासको मूल अवधारणा र यस सम्वन्धी अनुशिक्षण प्रदान गरिनेछ ।
- विभिन्न अन्तर्क्रिया कार्यक्रमहरुबाट सम्बन्धित पदाधिकारीहरुको व्यवहारमा परिवर्तन एवं कार्यशैलीमा सुधार गरिनेछ ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि लैससासबारे अवधारणात्मक स्पष्टता, लैससास आधारित विश्लेषण एवं कार्यगर्ने सीप (नीति विश्लेषण, संस्थागत विश्लेषण, कार्यक्रम तथा बजेटको विश्लेषण), कार्य आचरण परिवर्तन तथा सीप विकास (कार्यशैली, आचरण, आपसी सीप र सञ्चार, सहजीकरण सीप), स्रोत परिचालन तथा समन्वय (लैससासको दृष्टिकोणबाट समस्याहरुको पहिचान गरी विभिन्न स्रोतहरुबाट स्रोत परिचालन तथा विभिन्न साझेदारहरुसँग समन्वय) जस्ता प्रयासहरु अगाडि बढाइने छन् ।

**रणनिति ५: गाउँपालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रियामा सुधार गर्ने ।**

वडा कार्यालय, विषयगत शाखाहरु, गाउँपालिका तथा विकास साझेदारहरुका भिन्नभिन्न प्रकृतिका योजना तर्जुमा प्रक्रियाले गर्दा सेवा प्रवाहलाई सन्तुलित तथा समन्वयात्मक रुपमा अगाडि बढाउन वाधा परेको छ । अतः

गाउँपालिकाले योजना तर्जुमा प्रक्रियालाई सुदृढ गरी अन्य निकायको कार्यक्रम तथा बजेटलाई गाउँपालिकाको योजनामा समाहित गरिनेछ। समुदाय र खास गरी वञ्चित समूहहरुको सहभागितालाई सुनिश्चित गराउन वस्ती तहमा हुने योजना तर्जुमाको समयावधिलाई बढाई बस्ती स्तरबाटै योजना तर्जुमा प्रक्रियालाई सुदृढ गरिनेछ। वञ्चितीकरणमा परेका समुदायहरुको आवश्यकतालाई सम्बोधन गर्न प्रयाप्त समय र स्रोत नजुटाई आयोजनाहरु पूरा गर्न हतार गर्नुपर्ने हुँदा आयोजनाहरुको स्वीकृत तथा बजेटको निकासामा हुने ढिलाइलाई कम गरिनेछ। बजेटको बाँडफाँट, लक्षित समूह तथा क्रियाकलापहरुको विस्तृत विवरण लगायत आयोजना प्रस्तावको सम्भाव्यताको लेखाजोखा गाउँसभाको बैठक वस्नु पूर्व नै गरिनेछ। वडा तथा वस्ती तहबाट आउने प्रस्तावहरुको समीक्षा गाउँ सभामा गरिनेछ।

**आधारभूत सेवाहरु सम्बन्धी संयन्त्र**

निम्नानुसारका विषय क्षेत्रहरुमा कम्तीमा खण्डीकृत तथ्यांकहरुको लगत तयार गरिनेछ :

- महिलाहरुको नाममा दर्ता भएको जग्गाको लगत,
- जन्म, मृत्यु, विवाह, पारपाचुके जस्ता घटनाहरुको दर्ता तथा नागरिकताको लगत,
- आधारभुत विद्यालयहरुको संख्या तथा स्थान, स्वास्थ्य सेवा, सुविधा तथा कृषि प्रसार सेवाहरुको लगत।

बस्ती तहमा उपलब्ध हुने सेवा सुविधाहरुमा महिला तथा वञ्चित समूह लगायत सर्वसाधारण नागरिकहरुको पहुँच बारे वडा कार्यालयहरुले वडा समितिको सहयोगमा तथ्यांक संकलन गर्नेछन्। यी खण्डीकृत तथ्यांक योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा उपयोग गरिनेछ।

गाउँपालिकाले प्रदान गर्ने सेवाहरुमा देखिएका कमी पुरा गर्न गाउँपालिकाबाट प्रत्येक वर्ष महिलाहरुका लागि घुम्ती स्वास्थ्य टोली, गर्भवती महिलाहरुका लागि चार पटकको पजनन् जाँच सुविधा विस्तार, लैङ्गिक, जातजाति, जनजाति, भाषामा आधारित विभेदका विरुद्ध प्रचार अभियान जस्ता कार्यहरु गरिने छन्। समुदाय तहको लैससास उत्तरदायी सेवाहरुका लागि निर्देशका तयार गरिनेछ।

**रणनिति ६: गाउँपालिकामा तर्जुमा गरिएका विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिकमैत्री वनाउने र सकारात्मक विभेदको निति तर्जुमा र कार्यान्वयनमा जोड दिने।**

नीतिगत सुधारका कार्यहरु लैससासको दृष्टिकोणबाट निम्नानुसार अगाडि बढाइनेछ।

- लैङ्गिक समानता कायम गर्न आवश्यकता अनुसार स्थानीय कानुनलाई परिमार्जन गर्दै लैङ्गिक समानतायुक्त वनाइनेछ।
- महिला तथा अन्य वञ्चित समूहका विशेष आवश्यकताहरु (महिला विरुद्धको हिंसा समेत) लाई सम्बोधन गरिनेछ।
- सुविधा सम्पन्न र वञ्चित समुदायबीचको विद्यमान शक्ति सम्बन्ध रुपान्तरण गर्न योगदान पुर्‍याइनेछ।
- सामाजिक सुरक्षा नीतिको पुनरावलोकन गर्दा अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा प्रदान गर्न गाउँपालिकाको जनसंख्याको आधारमा तोकिएको निश्चित संख्या आवश्यकताभन्दा अति न्यून भएकाले सामाजिक सुरक्षा कार्यविधिमा भएको व्यवस्था अनुसार गाउँपालिकाको आफ्नो स्रोतबाट रकम थप गरी संख्या वृद्धी गर्न आवश्यक व्यवस्था समावेश गरिनेछ।
- पूर्ण वा आंशिक अपाङ्गता भएका व्यक्तिहरु सबैलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र तयार गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ।

- सम्बन्ध विच्छेद, विधवा भएका एकल महिलाको हकमा उमेरको हदबन्दी नराखी आर्थिक अवस्था मूल्याङ्कन गरेर सोही अनुसार प्राथमिकता दिई सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिकहरू तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि गरिने योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यहरूका लागि गाउँपालिकाले आवश्यक वित्तीय तथा मानव संसाधनको परिचालन गर्नेछ । साथै अनुगमन तथा मूल्याङ्कनमा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं सहस्राव्दी विकास लक्ष्यका स्थानीय सूचकहरूको उपयोग गरिनेछ ।
- कर्मचारीसम्बन्धी नीतिहरू लैससास संवेदनशील हुनेछन् । कर्मचारीहरूको भर्ना, बढुवा, सरुवा तथा क्षमता अभिवृद्धि गर्दा महिला एवं वञ्चित समूहका विशेष सवालहरूलाई ख्याल गरिनेछ ।

**रणनिति ७: गाउँपालिकाले आवश्यक सहयोग प्रदान गरी स्थानीय स्तरका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।**

- लैंगिक व्यवस्थापन तथा लैंगिक सूचना प्रणाली लागू गर्नुका साथै लैंगिक समानताका लागि भएका नीतिगत र कानुनी सुधारका उपयोगिता र प्रभावकारिता मूल्यांङ्कन गरिनेछ ।
- स्थानीयस्तरका योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा पछाडि परेका महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, अपांगता भएका पछाडि पारिएका समुदायको सहभागिता सुनिश्चित गरिनेछ । स्थानीय स्तरको विकासमा महिलाहरुको सहभागिता कम्तिमा ३३ प्रतिशत सुनिश्चित गरिनेछ ।
- जिल्ला तहमा लैंगिक सम्पर्क विन्दुको रुपमा रहेका विषयगत कार्यालय, नागरिक समाजका संस्थाहरुसंग समन्वय गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यहरु गरिनेछ ।
- दलित, आदिबासी जनजाति, एकल महिला, अपांगता भएका, पछाडि पारिएका समुदाय तथा गरिबीको मारमा परेका महिलाको सशक्तिकरण गरी स्थानीय शासनको सबै क्षेत्रमा उनीहरुको क्रियाशील सहभागिता सुनिश्चित गरिनेछ ।
- गरिबीको मारमा परेका महिला र बञ्चितीमा परेका समुदायहरुका लागि स्थानीय स्तरमा आधारभूत सेवा सुविधा उपलब्ध गराउने विशेष संयन्त्र निर्माण गरिनेछ ।
- सामाजिक कार्यक्रम एवं योजनाहरु तर्जुमा र कार्यान्वयन गर्दा दलित, आदिबासी जनजाति, पछाडि परेका प्रतिनिधि संस्थाहरुलाई अनिवार्य रुपमा संलग्न गराउन प्रोत्साहन गरीनेछ ।
- सरकारी, निजी क्षेत्र र नागरिक समाजलाई आफ्नो कार्य प्रक्रियामा समावेशी प्रक्रिया अपनाउन प्रोत्साहित गरिनेछ ।
- बालिका तथा महिला विरुद्ध हुने हिंसा रोकथाम तथा नियन्त्रणका लागि लैंगिक हिंसामा आधारित निगरानी समूह लगायतका सामुदायिक अग्रसरतालाई प्रोत्साहित र परिचालन गर्ने व्यवस्था गरिनेछ ।

## ७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन र अनुगमन

### ७.१ लैससास नीतिको कार्यान्वयन

#### (क) लैससास मूलप्रवाहीकरणका लागि संस्थागत संयन्त्र

गाउँपालिकामा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको स्थापना गरि शाखाका लागि कर्मचारीको व्यवस्था गर्नुका साथै आवश्यक स्रोतको पनि व्यवस्था भएको छ । उक्त कर्मचारीलाई लैससास सम्पर्क बिन्दुको


समेत जिम्मेवारी तोकिएको छ । यसले गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूको संवोधन गर्न सहज भएको छ ।

गाउँपालिका, वडा एवं समुदाय स्तरसम्म लैससासको अवधारणाबारे अपेक्षाकृत स्पष्टता अझै छैन । यी सवालहरूलाई समन्वयात्मक तथा प्रभावकारीरूपले कार्यान्वयन गर्नका लागि पर्याप्त प्राथमिकता दिन नसकिएको अवस्था पनि छ । साथै विश्लेषण गर्ने र सो अनुरूप कार्य गर्ने सीपको कमी रहेको छ । अतः यो नीतिको कार्यान्वयनका लागि संस्थागत तयारी गर्न प्रादेशिक तथा स्थानीय सरकार सहयोग कार्यक्रममा समाहित गर्नु आवश्यक रहेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति कार्यान्वयन गर्न विशेषत निम्नानुसारका कार्यहरू समेटिनेछन् :

- गाउँपालिकामा लैससास शाखाको सुदृढीकरण,
- महिला, दलित, आदिवासी जनजाति समन्वय समितिको गठन,
- गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिको गठन,
- वडा कार्यालयहरुमा सबै बस्ती स्तरका समूहहरूको प्रतिनिधित्व हुने गरी लैससास मूलप्रवाहीकरण संयन्त्रको व्यवस्था,
- गाउँपालिका अन्तर्गत गठित समितिहरुमा लैससास समुहको प्रतिनिधित्व ।

गाउँपालिका तहमा गाउँ कार्यपालिका, गाउँसभा, बिभिन्न बिषयगत समितिहरु, लैससास कार्यान्वयन समिति लगायतका संस्थागत संयन्त्रबाट नीति तथा रणनीतिको कार्यान्वयन प्रक्रिया प्रभावकारी हुने अपेक्षा गरिएको छ । प्रस्तावित व्यवस्थाको फराकिलो आधार तल दिइएको गाउँपालिका तहको संस्थागत संयन्त्रको रेखाचित्रबाट पनि प्रष्ट हुन्छ ।



गाउँपालिका अन्तर्गतको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाले समन्वय-बिन्दुको कार्य गर्नेछ । लैससास शाखाका कर्मचारीहरूमा यथाशक्य महिला तथा वञ्चित समूहको प्रतिनिधित्व गराइनेछ । लैससास शाखाको उद्देश्य निम्नानुसार रहेको छ :

- लैससास मूलप्रवाहीकरणका लागि गाउँपालिका अन्तर्गतका शाखा, इकाई र बिन्दुहरुलाई प्राविधिक सहयोग दिने ।
- गाउँपालिका अन्तर्गतका शाखा, इकाई र बिन्दुहरुबीच र यसका सरकारी एवं गैरसरकारी साझेदारहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि समन्वय कायम गराउने ।
- गाउँपालिकासंग सम्बन्धित नीतिहरूलाई लैससास संवेदनशील बनाउन सूचनाहरू प्रदान गर्ने ।

लैससास शाखाले निम्नानुसारका विषयहरूलाई समेट्नेछ :

- गाउँपालिका, यसका शाखा, इकाई र बिन्दुहरूले अवलम्बन गर्ने लैससास सहयोगी नीतिहरूको सुधार एवं कार्यान्वयनका लागि सहयोग दिने ।
- गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवं प्रक्रियाहरू वसाल्न सहयोग गर्ने ।
- गाउँपालिका, आदिवासी जनजाति समन्वय समिति, उपेक्षित उत्पीडित दलित वर्ग समन्वय समिति र महिला समिति जस्ता समितिहरूमा लैससासका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकास गर्ने ।
- गाउँपालिकाको योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवं अनुगमन तथा प्रतिवेदनमा लैससासको मूलप्रवाहीकरणका लागि गाउँपालिकाका वडा, शाखा एवं इकाईहरूसँग समन्वय गर्ने ।
- गाउँपालिकाबाट गरिने लैससास सम्बद्ध कार्यहरूको प्रभावकारी सम्पादनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूसँग साझेदारी प्रवर्द्धन गर्ने ।

उपर्युक्त कार्यहरूका लागि आवश्यक क्षमता एवं सीपको विकासका लागि क्षमता विकास रणनीति भित्र रहेर एक क्षमता विकास योजना तर्जुमा गरिनेछ ।

### (ख) साझेदारी एवं समन्वय

लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, दातृ साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच साझेदारी आवश्यक हुन्छ । यस कार्यका लागि विभिन्न निकायहरूले निम्नानुसार सहयोग पुऱ्याउनेछन् :

| साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू | कार्य/भूमिका |
|---|---|
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ▪ लैससास सम्बन्धि स्थानीय सरकारको नीति तर्जुमामा सहयोग गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन गर्ने ।<br>▪ सकारात्मक विभेदका लागि भर्ना नीति, कार्यविवरण तथा निर्देशिकाहरूको संशोधन गर्ने । |
| महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ▪ लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय एवं स्थानीय तहमा प्राविधिक सहयोग प्रदान गर्ने र विभिन्न विषयगत निकायहरूबीच समन्वय कायम गर्ने । |
| स्वास्थ्य शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, कृषि तथा पशुसेवा शाखा | ▪ लैससास नीति कार्यान्वयनका लागि विषयगत समन्वय गर्ने र महिला तथा वञ्चितीमा परेका जनसाधारणलाई लैङ्गिक संवेदनशील एकीकृत सेवा, सुविधा उपलब्ध गराउने । |
| दातृ निकायहरु | ▪ लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय एवं जिल्ला तहमा सहयोग प्रदान गर्ने । |
| विषयगत निकायहरू | ▪ महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुर्‍याउन कार्यान्वयन तहमा विषयगत समन्वय कायम गर्ने । |
| गाउँपालिकास्तरीय समन्वय समितिहरू (दलित,आदिवासी जनजाति, पिछडिएका वर्ग तथा वञ्चित समूहहरू) | ▪ खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवं विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्ने । |
| महिला तथा वञ्चित समूहका सम्बद्ध संस्थाहरू | ▪ विभेदकारी सामाजिक प्रचलनको विपक्षमा र<br>▪ स्रोत तथा प्रतिफलहरूको समान वितरणको पक्षमा आवाज उठाउने । |
| गैरसरकारी संस्था | ▪ महिला तथा वञ्चित समूहका लागि सशक्तीकरण तथा सामाजिक परिचालनका क्रियाकलापहरूको तर्जुमा, कार्यान्वयन एवं अनुगमन गर्न सहयोग गर्ने ।<br>▪ समावेशीकरणका सवालहरूमा आवाज उठाउने तथा समावेशीकरण सम्बन्धमा भएका कार्यगत सिकाइहरूको अभिलेख राख्ने । |
| निजी क्षेत्र | ▪ महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुर्‍याउने । |

## ७.२ लैससासको अनुगमन तथा प्रतिवेदन

अनुमगन तथा प्रतिवेदनका फारममा निम्नानुसारका विषयहरू समेटिनेछन् :

- गरिबी, लिङ्ग, जातजाति, जनजाति तथा स्थानका आधारमा खण्डीकृत तथ्याङ्क एवं सूचनाहरू
- लैससास सम्बन्धि अनुगमन तथा प्रतिवेदन कार्य निम्न तीन विषय क्षेत्रमा केन्द्रित हुनेछन् :
    - सम्पति तथा सेवा सुविधाहरूमा परिवर्तन,
    - प्रभाव पार्ने आवाज एवं क्षमतामा परिवर्तन र
    - औपचारिक एवं अनौपचारिक नीतिहरू तथा व्यवहारमा परिवर्तन ।

यी कार्यहरूबाट महिला, बालबालिका तथा वञ्चित समूहहरूको सेवा, सुविधामा पहुँच, महिला विरुद्ध हुने ज्यादतीका साथै विभेदकारी सामाजिक प्रचलनमा कमी, जातजातिमा आधारित विभेदमा कमी, वञ्चित समूहहरूको निर्णय गर्ने क्षमतामा अभिवृद्धि, पिछडिएका वर्गका लागि दिइने सहयोगप्रति सम्पन्न वर्गको स्वीकारोक्ति जस्ता प्रयासहरू अगाडि बढ्नेछन् ।

**लैससासको दृष्टिकोणबाट बजेटको अनुगमन :**

महिला, बालबालिका तथा वञ्चित समूहहरूका सन्दर्भमा कुल विनियोजित रकमको कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिक रूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको लेखाजोखा गरिनेछ ।

अनुगमन टोलीमा अनुगमन तथा सुपरिवेक्षण समिति र लैससास कार्यान्वयन समितिका सदस्यहरूको प्रतिनिधित्व गराइनेछ। साथै महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ। सामुदायिक महिला, बालबालिका एवम् पुरुषहरूसँग परामर्श लिने परिपाटीलाई अनुगमनको एक अभिन्न अङ्ग बनाइनेछ । वञ्चित समूहहरू, वडा कार्यालयहरु, प्रतिनिधिमूलक संस्थाहरू, बाल तथा युवा क्लबका सदस्यहरूसँग परामर्श गरिनेछ ।

**(क) लैससास शाखा, गाउँपालिका**

लैससास शाखाले योजना अनुरूप नियमित रूपमा प्रगतिको सुपरिवेक्षण र लेखाजोखा गर्नेछ । अनुगमनले परिवर्तनका तीन क्षेत्रहरूलाई निम्नानुसार समेट्नेछ :

(क) सर्वसाधारण नागरिक र खासगरी महिला, बालबालिका तथा वञ्चित समूहका लागि सम्पति तथा सेवाहरूमा पहुँच ।

(ख) महिला तथा वञ्चित समूहलाई प्रभाव पार्नसक्ने आवाज एवं क्षमता ।

(ग) लैससास संवेदनशील नीति, सोंच र आचरण ।

लैससास शाखाले खण्डीकृत तथ्यांङ्क सङ्कलनका लागि अनुगमन तथा प्रतिवेदनको ढाँचा विकास गर्नेछ । गाउँपालिकाको अनुगमन तथा सूचनाको ढाँचाले खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न नसक्ने हुंदा लैससास शाखाले सम्भव भएसम्म वडा तहमा खण्डीकृत तथ्याङ्क पहिचान गर्न वडालाई सहयोग गर्नेछ। यसले विभिन्न विषयको अध्ययन गर्नुका साथै अभिलेखहरू राख्नेछ र अनुगमन तथा मूल्याङ्कनको निर्देशिका तयार गर्नेछ ।

लैससास शाखाले वडा तथा बस्तीहरूबाट प्राप्त जानकारी तथा प्रतिवेदनहरूको विश्लेषण गर्नेछ र महिला तथा वञ्चित समूहहरूका लागि फाइदा सुनिश्चित गराउन आवश्यकतानुसार रणनीतिहरूको संशोधन र परिमार्जन गनेछ। यसले प्रभावकारी अनुगमनका लागि स्रोतको परिचालन र साझेदारी विकास गर्नेछ ।

**(ख) लैससास कार्यान्वयन समिति**

लैससास कार्यान्वयन समितिले गाउँपालिका योजना तथा कार्यक्रम तर्जुमा समितिका प्रतिवेदनहरूको विश्लेषण गर्नेछ। सोबाट प्राप्त कार्य अनुभवहरूलाई विकास कार्यमा समायोजन गर्नेछ। विश्लेषणले मुलभूत रूपमा निम्न तीन क्षेत्रलाई समेट्नेछ :

(क) सम्पति र सेवाहरूमा पहुँच,

(ख) महिला तथा वञ्चित समूहको आवाज तथा क्षमतामा प्रभाव

(ग) औपचारिक एवं अनौपचारिक नीति, आचरण र सोंचमा परिवर्तन ।

यसले कार्यक्रमको लक्ष्य अनुरूप कार्यान्वयन भए, नभएको र अपेक्षा अनुरूप प्रतिफल/परिणाम आउन सके, नसकेको अनुगमन गर्नेछ । यसले सबै सामाजिक समूहहरूका महिलाहरू र वञ्चितीकरणमा परेका अन्य समूहहरूको स्थिति देखाउने खण्डीकृत तथ्याङ्कको व्यवस्था गर्नेछ। लैससास कार्यान्वयन समितिले वडाहरूलाई लैङ्गिक मूलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणका विषयहरूमा सधैं मार्ग निर्देश गराई राख्नेछ। आवश्यकता अनुसार यसले सहयोगका लागि विभिन्न आधारहरू र कार्यान्वयनका लागि निर्देशिका तयार गर्नेछ।

महिला, बालबालिका तथा वञ्चित समूहका लागि हुने बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरूको प्रगति एवं प्रतिवेदन आदिको खण्डीकृत विवरण तयार गराउनेछ । वार्षिक प्रतिवेदनमा विश्लेषणलाई क्रियाकलापको परिधिभित्र सीमित नराखी महिला तथा वञ्चित समुदायमा भएको समग्र उपलब्धिहरूलाई आधार मानिनेछ।

**(ग) अनुगमन तथा सुपरिवेक्षण समिति**

अनुगमन तथा सुपरिवेक्षण समितिबाट गाउँपालिका र गाउँ विकास योजनाको अनुगमन र सुपरिवेक्षण गरिनेछ । समितिले संयुक्त अनुगमन कार्यमा सहयोग गर्नुका साथै भिन्न-भिन्न मागहरूको विवादमा सम्झौता गर्न समुदायलाई मद्दत गर्नेछ । यसले अनुगमनका विभिन्न विधिहरूको उपयोग गर्नेछ । गाउँपालिकाको लैससास कार्यान्वयन समितिले विकास गर्ने अनुगमन तथा मूल्याङ्कन कार्यसञ्चालन निर्देशिकामा विस्तृत विवरण उल्लेख गरिनेछ । अनुगमन तथा मूल्याङ्कनमा माथि उल्लिखित परिवर्तनका तीन विषय क्षेत्रहरूका आधारमा प्रतिवेदन तयार गरिनेछ र त्यसको प्रतिलिपि गाउँपालिकाको लैससास कार्यान्वयन समितिमा पठाउने गरी गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ । प्रतिवेदनले गाउँपालिकामा विद्यमान लिङ्ग, जातजाति, जनजाति तथा धर्मका आधारमा हुने विभेदहरूको आवधिक परिवर्तनहरूलाई समावेश गर्नेछ ।

**(घ) वडा तह**

वडा कार्यालयले वडाका सबै जनसमुदायको खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू राख्ने व्यवस्था गर्नेछ। वडा कार्यालयले गाउँपालिकाको लैससास कार्यान्वयन समितिसँग सहकार्य गरी समुदायका महिला तथा पुरुषहरू एवं विकास कार्यक्रमहरूको प्रगतिको खण्डीकृत तथ्याङ्क एवं सूचना सङ्कलन गर्न नयाँ फारमहरू तयार गर्नेछ। यसले जातजाति, जनजाति, लिङ्ग र धर्मका आधारमा हुने विभेदहरू तथा वञ्चित समूहका कार्यक्रमहरूको फाइदाको पहुँचमा हुने अवरोधहरूको निरन्तर अनुगमन गर्नेछ।

**(ङ) विभिन्न निकायहरुको भूमिका**

विभिन्न निकायहरूको भूमिका तथा अनुगमन व्यवस्थाको संक्षिप्त विवरण निम्नानुसार हुनेछ :

| समय तालिका | वडा तह | लैससास कार्यान्वयन समिति | लैससास शाखा | गाउँपालिका |
|---|---|---|---|---|
| | | | | नीति,योजना र कार्यक्रम ढाँचा तथा प्रक्रियामा लैससास पक्ष |
| चौमासिक | समूहको सहभागितामा प्रगतिको अनुगमन/ सेवामा पहुँच, विभेदकारी उदाहरणहरू, कार्यक्रम कार्यान्वयनको खण्डीकृत तथ्याङ्कको व्यवस्थापन, स्वअनुगमन पद्धति | नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन | नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन | |
| चौमासिक | परिवर्तनका तीन क्षेत्रहरू (सेवा, आवाज तथा गति) मा जोड दिई प्रगतिको समीक्षा | स्थलगत अनुगमन, परिवर्तनका क्षेत्रहरूको खण्डीकृत तथ्याङ्कीय आधारमा समीक्षा | गाउँपालिकाका प्रगतिहरूको विश्लेषण, रणनीतिक परिवर्तनका लागि निर्णयकर्ताहरूलाई स्थिति चित्रण गराउन प्रगति तथा अनुभवहरूको समायोजन, परिवर्तनका तीन कार्यक्षेत्रहरूको आधारमा स्थिति चित्रण | |
| अर्ध वार्षिक | कार्यक्रम कार्यान्वयन तथा वडा तहका क्रियाकलापहरूको सार्वजनिक सुनुवाइ | सार्वजनिक सुनुवाइ तथा परीक्षणमा सहभागिता, लैससाससम्बन्धी चौमासिक प्रतिवेदनको तयारी एवं प्रस्तुति | | |
| वार्षिक | लैङ्गिक तथा सामाजिक परीक्षण | सार्वजनिक सुनुवाइ तथा परीक्षणमा सहभागिता, लैससाससम्बन्धी चौमासिक प्रतिवेदनको तयारी एवं् प्रस्तुति | | |

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत